# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक २५, २०७८ पौष २० मंगलवार (Jhuleni Post Weekly) 4 Jan. 2021 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय :
प्यूठान न.पा.-४, विजुवार

Email :
jhulenipyuthan@gmail.com


# एमाले प्यूठानमा विष्ट पदाधिकारीमा युवा नेतृत्वको वर्चस्व


बिजयविराज विष्ट
अध्यक्ष


झक बहादुर बि.क.
उपाध्यक्ष


माधव शर्मा
सचिव


श्रीधर रोका
उप सचिव


दिपा घर्ति
उपसचिव

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्युठानको अध्यक्षमा बिजयविराज विष्ट निर्वाचित भएका छन । नवौ अधिवेशनबाट निर्वाचित विष्टले ३ सय १४ मत लिएर बिजयी भएका हुन । विष्टका प्रत्यासि नेहरसिंह के.सि.ले १ सय ७६ मत पाउँदा विष्टले १ सय ३८ मत अन्तरले बिजयी बनेका हुन । उपाध्यक्षमा मुक्ति पोखेलले १ सय ७६ मत ल्याउँदा उनका प्रत्यासि झक बहादुर बि.क. १ सय १९ मत अन्तरले निर्वाचित भएका हुन् । बि.क.ले २ सय ९५ मत ल्याएका छन । सचिव पदमा नेगनसिंह कुवर १ सय ८६ मतले पराजित बन्न पुगे । कवरको प्रतिष्पर्धामा रही बिजयी भएका माधब शर्माले २ सय ७२ मत ल्याएर निर्वाचित भएका हुन । उप सचिव पदमा दिपा घर्तीले सबै उम्मेद्वार हरुले भन्दा बढी मत लिएर बिजयी भइन्। घर्तिले ३ सय ८४ मत ल्याएकी थिइन । उप सचिव पदमै श्रीधर रोकाले ३ सय ७२ मत पाउँदै निर्वाचित भएका हुन् । रोकासँग प्रतिष्पर्धामा रहेका बिनोद ओलीले १ सय ७१ मत ल्याउँदै उपबिजेता बनेका छन् । खुल्ला दलित सदस्यमा राजेन्द्र गौतमले २ सय ७९ र पुर्ख सिंह सुनारले १ सय ७६ मत ल्याएर बिजयी भएका छन । निकटम प्रतिद्वन्द्वी गिर बहादुर सुनारले ९२, निम बहादुर सुनार ९०, गन बहादुर विश्वकर्माले ८४, जेद बहादुर सुनारले ५२ र धर्म सिह बि.क.ले ८९ मत ल्याउन पराजित बन्न पुगे । जिल्ला पदाधिकारी र खुल्ला दलित सदस्यका लागि शनिबार मतदान भएको थियो । अन्य जिल्ला कार्यसमिति सदस्यमा

बाँकी ७ पेजमा....

## कुप्रचार गर्नेलाई रतन्धोको संज्ञा



नेकपा एमाले पोलिटब्यूरो सदस्य एवं प्यूठान इन्चार्ज सूर्य थापाले सामाजिक सञ्जालमा भ्रम फैलाएर कुप्रचार गर्नेहरुलाई रतन्धो लागेको संज्ञा दिएका छन्। 'आफू र एमाले बिरुद्ध केही रतन्धो लागेका व्यक्तिहरुले भ्रम फैलाउन तल्लिन छन्', थापाले भने, 'नवनिर्वाचित जिल्ला पार्टी अध्यक्ष विष्ट र आफ्नो बारेमा रतन्धो भएकाहरुले कुप्रचारमा सक्रियमनुवाहरु आउनु स निःशुल्क उपचार गरिदिने व्यवस्था मिलाइदिनेछुँ।' आफू प्यूठान इन्चार्ज भएर आएदेखि दलका नाउँमा क्लव

बाँकी ५ पेजमा....

## एक घर, एक एमाले : बिष्ट

नव निर्वाचित अध्यक्ष विजय विराज बिष्टले प्यूठानमा एमाले पार्टी सदस्य नभएको कुनै घर नहुने गरी लाग्ने घोषणा गरेका छन्। अबका तीनै तहको निर्वाचनमा पार्टीले सानदार विजय हासिल गरेर छोड्ने उनले ठोकुवा गरे। नवनिर्वाचित कमिटीमा विभिन्न सामाजिक प्रतिभाको समिश्रण रहेकोले सामूहिक एकताबाट पार्टीलाई अझ सशक्त बनाइने उनले सुनाए। 'अबको अभियान एक घर एक एमाले हुनेछ', उनले भने, 'जिल्ला इन्चार्ज, सहइन्चार्ज प्यूठानकै भएकाले हामी गाउँ केन्द्रित अभियानमा जोड दिनेछौं ।' एमाले एमालेको मात्र होइन सबैको बनाउने लक्ष्य रहेको छ।

## जीवनको रङ्ग

# बङ्गुर पालनबाट आत्मनिर्भर

**सुजता थापा क्षेत्री**
**झुलेनी पोष्ट**



प्यूठान नगरपालिका-३, साँपडाँडामा यमकर्णले सञ्चालन गरेको बङ्गुरफर्म

रोजगारका लागि यमकर्ण बहादुर नेपालीले स्वदेश देखि बिदेशसम्म धेरै ठाउँमा धाएका छन् । छिमेकी मुलुक भारत यिनका लागि पानी पँधेरो जस्तै भयो । कामका लागि जान्थे केहिँ कमाएर घर आउँथे । सिप बिनाको कमाइले घर गुजाराका लागि कठिन हुन्थ्यो यिनलाई । अहिले ४१ वर्षका पुगेका नेपाली घरको आय व्यवस्था सुधार्नका लागि खाडी मुलुक पनि गए। खाडी मुलुकममा १२ वर्ष बिताएका यिनलाई जहाँ गयो सोचेजस्तै कमाइ हुन सकेन । कोभिड-१९, का कारण घर आउन नसक्दा खाडी मुलुकमै ४ महिनासम्म लकडाउनमा फसेको बताउँछन् यिनले । 'जसोतसो स्वदेश फर्केपछि अब बिदेश नजाने सुर गरे', '१७ वर्ष घर बाहिरै बितेछ, मैले सोंचे अब गाउँम इलम गर्छु ।' उनका अनुसार नेपालीले प्यूठान नगरपालिका ३ सापडाँडामा न्यु रोशन कृषि तथा पशुपंक्षी बङ्गुर फर्म स्थापना गरेका छन् । फर्म सञ्चालनको लागि ऋण सापट गरी करिब ८ लाख रुपैयाँ लगानी लागेको उनी बताउँछन् । फर्ममा दर्भानबाट विदेशी ड्यूरोक जातको ६ वटा बंगुर खरिद गरि पालेका छन् । 'फर्म सञ्चालनमा ल्याएको १ वर्ष भइसक्यो', उनले भने, 'बजारमा बङ्गुरको मासु र यसका पाठापाठीको माग बढ्दो छ ।' माग अनुसार आफूले मासु र पाठापाठी पुऱ्याउन नसकेको नेपालीको भनाई छ । नियमित आम्दानी नहुने भएपनि मासिक सरदर २५ देखी ४० हजारसम्म बचत गर्दै आएको उनको भनाई छ । उनले १ वर्षमै १८ वटा बङ्गुरको पाठापाठी र ३

बाँकी ५ पेजमा.....

## हाम्रो नजर

## जाडोमा सुन्तला र यसको फाइदा


प्यूठान नगरपालिका ४ विजुवार मित्रमणी चोकमा बिक्रिका लागि राखिएका सुन्तला

*जाडो याममा सुन्तला र कमलाको ब्यापार बढी हुन्छ । यसको नाम लिने बितिकै सबैको मुखबाट रस आइहाल्छ । तर कतिपयमा चिसोमा सुन्तला खानु हुँदैन भन्ने धारणा पाइन्छ। तर चिसो मौसम र चिसो ठाँउमै फल्ने सुन्तलाको महत्व छुट्टै छ। सुन्तला स्वादका लागि मात्र नभई स्वास्थ्यका हिसाबले पनि अत्यन्तै लाभदायक छ। मानिसहरु सुन्तला भन्दा भिटामिन चक्कीतिर आकर्षित भइरहेका छन्। सुन्तला भिटामिन "सी" को प्रमुख स्रोत हो। भिटामिन चक्कीको सट्टा सुन्तला खानु स्वास्थ्य र सौन्दर्य दुवै हिसाबले फाइदाजनक हुन्छ। बढी तौल भएका व्यक्तिका लागि पनि पर्याप्त मात्रामा सुन्तलाको प्रयोग उत्तम हुन्छ ।*

*दिनहुँ सुन्तलाको सेवन गर्ने गरेमा विभिन्न रोगहरु न्यून गर्न मद्धत मिल्छ। यसले मिर्गौलाको पत्थरी हुनबाट बचाउन सक्छ। दम, ब्रोङ्काइटिस, रुघाखोकी, ज्वरो र मुटुको रोगीलाई फाइदा पुऱ्याउँछ। त्यस्तै डण्डिफोर तथा खटिरा, निमोनिया, पाइरिया, श्वासप्रश्वासको समस्या, टाइफाइड, मधुमेह र उच्च रक्तचापका रोगीलाई पनि सुन्तलाको सेवन लाभदायक मानिन्छ। यसले रक्सीको लतलाई पनि यसले कम गर्न सक्छ। मौषम अनुसार जाडो सिजनमा सुन्तला फल्ने भएकाले ग्रामीण क्षेत्रमा सर्वसाधारणहरुको हिउँद याममा यही नै प्रमुख व्यापार जस्तै हो । सुन्तला र कमला बेचेर घरखर्च र बालबालिकाका लागि स्टेशनरी सामग्रि पनि यसैबाट जुटाउन मद्धत पुगीरहेको छ ।*

## सहिद पार्कमा सरसफाई गर्ने कसले हो !


विजुवार गाँजुरीको सहिद पार्कमा निर्मित वाटर फाउन्टेनमा मोटर बिग्रेपछि जम्मा भएको फोहोर।

*प्यूठान नगरपालिका ४, विजुवार गाँजुरीमा तामझामका साथ सहिद पार्क निर्माण गरीयो । भब्य रुपमा समुद्घाटन पनि भयो । निर्माण सम्पन्न भएको पनि वर्षौं बित्यो। वाटर फाउन्टेन, सहिद पार्क लगायत यहाँ आकर्षणका लागि थुप्रै भौतिक पुर्वाधार पनि निर्माण भएका छन् । प्यूठान उद्योग वाणिज्य संघ, प्यूठान नगरपालिका, डिभिजन वन कार्यालय खलंगा लगायतले पार्क निर्माणका लागि लगानी गरेका हुन् । निर्माण सम्पन्न भएपछि यसको संरक्षण र सरसफाइमा कसैको ध्यान पुगेको छैन । वाटर फाउन्टेनमा मोटर बिग्रेर माटोको लेदो जमेको छ । पार्क परिसरमा प्लास्टिक कागज, बोतल लगायत फोहोर यत्रतत्र फालिएको छ । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि नौलो गन्तब्य रहेको यसको संरक्षण कसले गर्ने भन्ने पनि एकिन छैन । लाखौं रकम खर्चेर निर्माण गरीएको यस पार्कबाट एक रुपैयाँ पनि आम्दानी हुन सकेको छैन ।*


## ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं

- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं।
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं।
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं। सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्युठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## कोभिडको नवीन प्रजाति 'ओमिक्रोन': खेलाँची नठानौं

*कोभिड नवीन प्रजाती 'ओमिक्रोन' को संक्रमण बढेसँगै राजनीतिक दलहरुका गतिविधि ठप्प बन्न थालेका छन् । काठमाडौं उपत्यकासँगै देशैभरि कोरोना संक्रमितको संख्या बढ्दै गएको छ । नेपाल स र कार र जिल्ला प्रशासन कार्यालयले सभा, सम्मेलनमा गर्नुपरे २५ जनाभन्दा बढी एकै ठाउँमा भेला हुनमा रोक लगाएको छ । जसका कारण दलका गतिविधि प्रभावित बनेका छन् । पार्टीका शीर्ष नेताहरू नै कोरोना संक्रमित हुन थालेपछि दलका बैठक, सम्मेलन, भेला लगायतका कार्यक्रम धमाधम स्थगित हुन थालेका हुन्। कोरोना संक्रमितको संख्या बढ्दै गएपछि माओवादी केन्द्रले तय गरेको पुर्व निर्धारित केन्द्रीय कमिटी बैठक समेत स्थगित गरेको छ । माओवादीले २५ पुसमा केन्द्रीय कमिटीको बैठक बोलाएको थियो ।*

*अहिले सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले समेत पार्टी भेला, बैठक, छलफल लगायतका कार्यक्रम रोकेको छ । महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका नेताहरूको जिम्मेवारी बाँडफाँड लगायतका काम गर्नुपर्ने भए पनि कोरोनाका कारण बैठक बस्न सक्ने अवस्था छैन । नेकपा एमालेले पनि पूर्वनिर्धारित प्रदेश अधिवेशन केही समयका लागि स्थगित गरेको छ । यसअघि ८ माघमा तोकिएको अधिवेशन अब २८ र २९ माघमा हुने बताइएको छ । यस्तै, जनता समाजवादी पार्टी नेपाल (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)सहितका दलको बैठक, छलफल, भेला लगायतका कार्यक्रम पनि रोकेका छन् ।*

*तराई मधेसमा जनमत पार्टीको जारी किसान आन्दोलन रोकिएको छैन । एकपछि अर्को कार्यक्रम घोषणा गर्दै अध्यक्ष डा. सिके राउतले सडक आन्दोलनलाई बढाउँदै लगेका छन् । कोरोना संक्रमण दिनप्रतिदिन फैलदै गरेकोले सबै दलले पुर्व निर्धारित कार्यक्रम पनि अहिले सञ्चालन गरीएको किसान आन्दोलन पनि रोक्नु अनिवार्य रहेको छ । कोरोना संक्रमणलाई खेलाँची ठान्ने हो भने बिगतका वर्षमा जस्तै भयावह स्थिती सिर्जना हुन सक्छ खेलाँची नठानौं ।*

# शिक्षामा सुधार, कुरा मात्र बढी !



नगेन्द्र पौडेल

संघीय सरकारका शिक्षामन्त्री देवेन्द्र पौडेलले शिक्षामा व्यापक सुधार गर्ने बताएका छन् । विगतभन्दा अलग ढंगले कार्य सञ्चालन गर्ने कुरा मन्त्री पौडेलले मात्र होइन नयाँ आउने हरेक मन्त्रीहरूले भन्ने गरेको यही हो । विगतको केही समीक्षा र केही आलोचना गर्दै आफूले गर्ने नयाँ काम जनताका पक्षमा हुने दाबी हरेकले गर्ने गरेका छन् । यतिसम्म कि शिक्षकको सरुवा, बढुवा, विज्ञापन तथा नियमित रूपमा हुने तलब निकासाको कामलाई समेत मन्त्रीको कार्यक्षमतासँग जोडेर प्रचार गर्ने चलन पुरानै हो । अहिले त्यसले निरन्तरता पाएको मात्र हो ।

**कागती रोपेर सुन्तला फल्दैन**

खेतीअनुसार बाली भित्रिने कुरा पक्का हो । सोचअनुसारकै परिणति देखिने हो । हाम्रो शैक्षिक क्रियाकलापमा सिकाइ कहिल्यै पनि भएन । खालि पढाइ मात्र भयो। कति पढ्यो भन्ने कुरा प्राथमिकतामा पर्ने तर के पढ्यो भन्ने कुरा सधैं उपेक्षित रहने हाम्रो शिक्षाको पुरानै नीति हो । कुनै पनि मन्त्रीले यो पद्धतिमा सुधार गर्ने आँट आजपर्यन्त गरेका छैनन् । स्वदेशको सामुदायिक विद्यालय र त्यहाँको शैक्षिक अवस्था सुधार्छु भनेका मन्त्री पौडेलले त झन् मन्त्री भए लगत्तै आफ्नी छोरीलाई अमेरिका पढ्न पठाउँदाको फोटो सार्वजनिक गरेर थप चर्चामा आएका छन् । को कहाँ जान्छ ? के पढ्छ त्यो उसको निजी विचार हो । व्यक्तिको मानव अधिकारको कुरा पनि हो । यस्ता विषयले सार्वजनिक चर्चा पाउन हुँदैन । तर, त्यही कुरो सार्वजनिक पदमा पुगेको व्यक्तिले गर्दा थप आलोचना हुन्छ । यो स्वाभाविक पनि हो । एउटा कसौडीको भात कस्तो छ भन्नलाई एउटा सितो भात छामे पुग्छ । मन्त्री पौडेलका लागि प्रचारको यो घटना नै आगामी दिनमा उनको कार्यशैली'दयगत अनुमान गर्न काफी छ ।

यसो त केही साताअघि उनी कास्कीको पोखरास्थित विद्यालयमा आफैं पसेर निरीक्षण गरेको कुरा पनि प्रचारमा आएको छ । मन्त्री स्वयं निरीक्षणका नाममा कक्षामा पस्ने हो वा नियमित निरीक्षणको व्यवस्थापन पक्ष मिलाइदिने हो ? निरीक्षणका लागि राखिएका स्रोतव्यक्ति संघीयताको कार्यान्वयनका नाममा हटाइएका छन् । पालिकाको शिक्षा शाखासँग निरीक्षणका लागि आवश्यक पर्ने जनशक्ति नै छैन । जिल्लास्थित शिक्षा कार्यालयको परिवर्तित निकाय समन्वय इकाइसँग अत्यन्त न्यून जनशक्ति छ, त्यो पनि निरीक्षणका लागि होइन । यसको अभावपूर्तिमन्त्री कक्षाकोठामा पसेर हुन सक्दैन । मन्त्रीले त आवश्यक जनशक्तिको व्यवस्था नीतिगत रूपमा मिलाइदिने हो । त्यतातर्फ मन्त्रीको सोच गएको नै छैन । अर्कोतिर काठमाडौं मेडिकल कलेज (केएमसी) लगायत केही मेडिकल कलेजहरूले चिकित्सा (एमबीबीएसलगायत) विषय पढ्ने विद्यार्थीबाट तोकेकोभन्दा बढ्ता बढी शुल्क लिएको कुरा सार्वजनिक भएको छ । सार्वजनिक मात्र होइन यही विषयलाई लिएर विद्यार्थीहरूले चक्काजाम गरेका छन् । नियमित पठनपाठन स्थगित छ । कलेल सञ्चालकसँग विद्यार्थी र तिनका अभिभावकको झगडा परिरहेको छ । तोकिएभन्दा बढी रकम असुली गर्ने कलेजलाई कारबाही गर्ने जिम्मा शिक्षा मन्त्रालयको होइन र ? यो मामलामा पनि मन्त्री चुकेका छन् । संघीयता आएको आधा दशकभन्दा बढी भइसक्यो । आजसम्म पनि शिक्षा कुन सरकार मातहत प्रस्ट भएको छैन । पालिकामा शिक्षा शाखा प्रमुखलाई कनिष्ठ कार्यालय प्रमुख मातहत राखिएको छ । उता जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ खडा गरेर संघीयताविपरीतका अभ्यास भएको छ ।

पालिका र इकाइबीच काममा हस्तक्षेप मात्र होइन द्वैत शासनको झल्को आइरहेको छ । दुईतिरको निर्देशनमा शिक्षक पिल्सिनुपरेको छ । क्षेत्रीय शिक्षा निर्देशनालयको परिवर्तित रूप प्रदेश शिक्षा निर्देशनालय र समन्वय इकाइबीच प्रशासनिक चिनजान नै छैन । यी दुईबीच कार्यसम्पादन मूल्यांकनको नाता चुडाइएको छ । शिक्षामा संघ, प्रदेश र स्थानीय तहको अधिकार कति आजसम्म स्पष्ट खाका तय हुन सकेको छैन । संविधानको अनुसूचीमा उल्लेखित विषयमा कानुन बनाइएको छैन। आज पनि पञ्चायतकालीन शिक्षा ऐन २०२८ जीवित छ । आफ्नै ऐन बन्न सकेको छैन । यसमा सुधार कसले गर्ने ? कहिले गर्ने ? कामभन्दा प्रचार बढी गर्दै मन्त्री सधैं सेलिब्रेटी बनेर बस्न हुन्छ ? यो अवस्थाको अन्त्यका लागि युद्धस्तरमा काम हुन जरुरी छ । तर, शिक्षा मन्त्रालयको ध्यान यतातर्फ आजपर्यन्त जान सकेको छैन । कुनै पनि मन्त्रीको ध्यान यस विषयमा गएको देखिएन।

**शिक्षामा नैतिक पक्ष हराउँदै**

संसद्मा हानाहानको स्थिति छ । अदालतमा न्यायमूर्तिबीच पानी बाराबारको अवस्था छ । बलात्कार, हत्या, हिंसा व्यापक छ । राजनीतिक नेतृत्वबीच बोलचाल बन्दको अवस्था छ । एकले अर्कोलाई नांगेझार बनाउन उद्दत छन् । प्रधानमन्त्री र प्रमुख प्रतिपक्षी दलका नेताबीच अस्ति शनिवार बालकोट (प्रतिपक्षी नेताको निजी निवास ) मा भेट भएको कुरालाई ठूलै उपलब्धिका रूपमा प्रचार गरिएको छ । सामान्य अवस्था कतै पनि छैन, देखिँदैन । यस्ता घटना तब घट्छन्, जब मानिस विवेक गुमाउँछन् । मानिसमा विवेक भर्ने काम शिक्षाको हो । शिक्षाले नैतिक पक्ष'दयगत व्यक्तिलाई अभ्यस्त गर्नुपर्ने थियो तर सकेन । शिक्षाको नैतिक पक्ष त्यस्तो पक्ष हो, जसको माध्यमबाट असल व्यक्ति, समाज र चरित्रको निर्माण गर्न सकिन्छ ।

'नीति र 'इक' मिलेर नैतिक शब्द बनेको हो । यसको अर्थ 'नीतिको पालना गर्नु' भन्ने हो । नीतिको पालना हुँदा समाजमा सकारात्मक सोचको विकास हुन्छ । नागरिकमा आफ्नो दायित्वबोध हुँदै जान्छ र समाज सकारात्मक तरिकाबाट अगाडि बढ्दै मानिसमा सदाचार, विनम्रता, सद्भाव, प्रेमभाव, श्रद्धा र परोपकारजस्ता सकारात्मक पक्षले स्थान पाउँछ । यसैकारण शिक्षामा नैतिक पक्षको अभाव आजका यी घटनाका लागि जिम्मेवार देखिन्छन् । नेपाली बृहत् शब्दकोशले 'नैतिक'लाई 'राम्रो आचरण, नीतिसँग सम्बन्धित कुरा'का रूपमा व्याख्या गरेको छ । नीतिमा पनि 'विद्या विनय सम्पन्ने' भनिएको छ । अर्थात् विद्याले विनय दिनुपर्छ । प्रसिद्ध समालोचक डाक्टर ताना शर्माले चाँदनी शाहका कविताको समीक्षा गर्दा उनलाई चाकडी गर्ने, राजा महाराजाका सामु टाउको निहुराउने भनेर आलोचना गर्दा उनले भन्ने गर्थे 'मेरो टाउको छ, यसैले निहुरिन्छ, टाउको नै नहुनेको के निहुरिओस् ? मसँग कोही मान्छे झुक्न आउँछन्, यसैले म पनि मान्यवरसँग झुक्नुपर्ने रहेछ भनेर थाहा पाएँ, जोसँग कोही मान्छे झुक्नै आउँदैन उसलाई अरूसँग झुक्न पर्दोरहेछ भन्ने के थाहा ?' शिक्षाले यस्तै मानव मूल्यको अभिवृद्धि गर्न सक्नुपर्छ । सत्य, धर्म, शान्ति, प्रेम र अहिंसा मानवीय मूल्य हुन् ।

यिनको संरक्षण, विकास र रक्षाका लागि शिक्षा सदैव तत्पर हुनुपर्छ । तर, हामीकहाँ न शिक्षा मानवीय मूल्यकै संरक्षण गर्न सक्ने खालको छ । न त नागरिकलाई गरिखान नै सिकाउने खालको छ । कति पढ्ने भन्ने कुरामा जोड दिँदा के पढ्ने भन्ने विषयवस्तु छायामा परेको छ । यसैले बेरोजगार नागरिक उत्पादन गर्नकै लागि शिक्षा किन चाहिने ? बहसको विषय बन्न सक्छ । अहिले पुरानै ढर्रामा नयाँ मान्यतालाई बोक्न खोज्दा शैक्षिक प्रणालीमाथि नै प्रश्नचिह्न खडा हुने अवस्था छ । यी विषयमा शिक्षामन्त्रीको ध्यान कहिले जाला ? यस्ता कुरामा सुधार गर्ने शिक्षामन्त्री मुलुकले कहिले पाउने ?

**अवस्था उस्तै**

दक्षिण अफ्रिकाका पहिलो अश्वेत राष्ट्रपति नेल्सन मन्डेलाले 'संकटबेला अग्रपंक्तिमा उभिएर काम गर्न सक्ने व्यक्ति नै वास्तविक नेता हुन्छ' भनेका थिए । अहिले हामीकहाँ शैक्षिक पक्ष मात्र होइन राजनीतिक, न्यायिक र व्यवस्थापिकीय सबै क्षेत्र अस्तव्यस्त छ । अनेकानेक समस्याले मुलुक ग्रस्त छ । जता हेर्‍यो उतै अव्यवस्था, लापर्बाही र चरम असन्तुष्टिका पुलिन्दा मात्र देखिन्छन् । तर, तिनलाई व्यवस्थापन गर्न मन्डेलाले खोजेजस्तो कुशल नेताको अभाव देखिन्छ । यसो त केही वर्षअघि पूर्व प्रधानमन्त्रीसमेत रहेका तत्कालीन एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले संसद्मा बोल्दै मेरो देश डुब्नै लाग्यो, माझी दाइ कोही छौं भने बचाइदेऊ भनेका थिए । उनको भनाइ लाक्षणिक थियो ।

आफ्नै पार्टीका अध्यक्ष र सरकारप्रमुखविरुद्ध उनको गुनासो थियो । अहिले उनकै अगुवाइ, साथ र समर्थनमा शेरबहादुर देउवा प्रधानमन्त्री छन् । उनले खोजेका माझी दाइ देउवा हुन् होइनन्, उनैलाई थाहा होला तर माझीरूपी पात्र फेरिए पनि देशको अवस्था र पात्रगत प्रवृत्ति नफेरिएको भने हामी सबैलाई थाहा छ । उही अवस्था र प्रवृत्तिका लागि पात्रको परिवर्तन आवश्यक किन पर्‍यो ? परिवर्तनको महसुस कामले दिनुपर्छ, नेतृत्वले दिनुपर्छ र यो परिवर्तन व्यवहारमा देखिनुपर्छ । तर, हल्ला बढी काममा सुस्तता हाम्रो शिक्षाको परम्परागत शैली नै बनेको देखिन्छ ।

# ओमिक्रोन व्यवस्थापन



डा. सुभाष पोखरेल

दुई महिनाअघि पहिलो पटक अफ्रिकी महादीपमा देखापरेको  ले संसारभर आफ्नो उपस्थिति देखायो। गत हप्तामात्र संयुक्त राज्य अमेरिकाको 'सेन्टरस् फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन' ले डेल्टाको दाँजोमा ओमिक्रोन तीन गुणा संक्रमणकारी भएको बतायो। ओमिक्रोनको प्रभावपछि प्रत्यक दोस्रो दिन कोभिड संक्रमणकारीको संख्या दोब्बर बढेको देखियो। विगतमा सर्वाधिक छिटो सर्ने रोगको दर्जा पाएको दादुरालाई ओमिक्रोनले उछिनेको पाइयो। भाइरसको सर्ने गतिलाई नजिकबाट नियालिरहेका मेडिया कम्पनी 'सिएनएन' का मेडिकल विश्लेषक जोनथन रैनरको विचारमा ओमिक्रोन वर्तमान पुस्ताले भोगेको सबै भन्दा संक्रमणकारी भाइरस हो। वर्तमान परिपाटी हेर्दा ओमिक्रोनका लागि नेपालभर आफ्नो प्रभाव फैलाउन धेरै कुर्नु नपर्ला। केही हप्ताकै अन्तरालमा नवीन प्रजातिले आफ्नो असर हिमालदेखि तराई अनि मेचीदेखि महाकालीसम्म फैलाउने निश्चित छ।

ओमिक्रोनको संक्रमण प्रक्षेपण अनि भाइरसले बिरामीको स्वास्थ्यमा पार्ने असरलाई नियाल्दै सार्वजनिक स्वास्थ्य नीति तर्जुमा गर्नुपर्ने हुन्छ। त्यसै क्रममा ओमिक्रोन भेरियन्टस्का सम्बन्धमा हालसम्म सार्वजनिक भएका अनुसन्धानात्मक नतिजा र आधिकारिक सन्देशलाई संग्रहित गर्नु यो आलेखको लक्ष्य रह्यो। संक्रमण रफ्तार अत्यधिक भएको ओमिक्रोनका कारण रोगीको संख्या अत्यधिक बढ्यो। सार्वजनिक स्थानमा आवतजावत गर्ने अनि कुनै लक्षण नदेखिएका मानिसको स्वास्थ्य परीक्षण गर्दासमेत ठूलो हिस्सामा 'पिसिआर' परीक्षण रिपोर्ट पोजेटिभ आयो, कोरोना लागेको देखियो। अनुसन्धानात्मक तथ्यांककहरूले प्रारम्भिक कोभिड-१९ र डेल्टा भेरियन्ट्सको आक्रमणपछि विभिन्न स्वास्थ्य सिकायत देखिने गरेकामा ओमिक्रोनले गाँज्दा पनि मानिस शारीरिकरूपले हट्टाकट्टा नै देखिएको पुष्टि गऱ्यो। विश्वका विभिन्न देश र भौगोलिक इलाकामा संकलित तथ्यांकले ओमिक्रोन भेरियन्टस्को संक्रमणपछि पनि कुनै प्रतिकूल शारीरिक समस्या नदेखिएका मानिसको संख्या धेरै देखियो।

ओमिक्रोन संक्रमणका कारण अस्वस्थ भइ अस्पताल भर्ना हुनुपर्ने बिरामीको अनुपात विगतका भेरियन्टस्को तुलनामा निकै कम देखिएपछि त्यसको तार्किक जवाफ खोज्नु पर्यो नै। उत्तर खोज्नु वैज्ञानिकको दायित्व भयो। कोभिड-१९ को भाइरल क्रियाशीलताका लागि अणुवांशिक पदार्थ ' आरएनए' अनि झण्डै ३० प्रोटिन अथवा इन्जाइमको भूमिका देखियो। अणुवांशिक पदार्थका आधारमा प्रोटिन बन्ने भएकाले आरएनएमा आउने परिमार्जनले इन्जाइमको चरित्र परिवर्तन हुन्छ।भाइरसका ३० इन्जाइममध्ये कुनै एउटामात्र प्रोटिनको बनोट पनि फेरियो भने उक्त प्रजातिलाई भेरियन्ट्स भनिन्छ। 'एमिनो एसिड' का विभिन्न एकाइ मिलेर एक प्रोटिन बन्ने भएकाले एउटै इन्जाइममा आउने पृथक चरित्रका परिमार्जनले भाइरसका धेरै भेरियन्टस बन्न सक्छ भन्ने हो। अथवा ३० इन्जाइम रहेको कोभिडका सयौं भेरियन्टस संभव छन्। भेरियन्टस् भन्नेबित्तिकै उक्त सुक्ष्माणुको कम्तीमा एउटा प्रोटिनको चरित्र पुर्खा भन्दा फरक छ है भन्ने हो। व्यवहारमा भने एउटा भेरियन्टका एक भन्दा बढी प्रोटिनमा परिवर्तन आएको हुन्छ। भाइरसको क्रियाशीलताका लागि विभिन्न प्रोटिनका आआफ्नै भूमिका हुन्छन्। कुनै प्रोटिनले भाइरसको संख्या वृद्धिमा भूमिका खेल्छ भने कुनैले संक्रमण रफ्तारलाई निर्देशित गर्छ। त्यस्तै कुनै प्रोटिनले बिरामीको कुन अंगमा भाइरल असर पार्ने, बिरामीलाई कति थल्याउने भन्ने कुराको निधो गर्छ। भाइरल प्रभावकारिताका लागि सबै प्रोटिनको आआफ्नै भूमिका रहने भएकाले कुनै एक इन्जाइममा आउने सकारात्मक तथा नकारात्मक प्रभावको असर भने भयानक हुन सक्छ। उदाहरणका लागि भाइरसको संख्या बढाउने प्रोटिनमा सकारात्मक परिमार्जन भए भाइरसको संख्या त बढ्छ नै तर कदाचित संक्रमण गर्न भूमिका खेल्ने प्रोटिनमा नकारात्मक असर परे मानिसमा भाइरल संक्रमण भने कम हुन्छ नै। त्यस्तो अवस्थामा भाइरसको संख्या धेरै भए पनि रोगको प्रभाव भने न्यून हुन्छ। भाइरसले शरीरको कुन अंगलाई आक्रमण गऱ्यो त्यसले भाइरसको दानवीय स्वरूप भन्छ। मुटु, फोक्सो, मिर्गौलालगायतका महत्वपूर्ण अंगमा भाइरसको संक्रमण हुँदा बिरामी मर्न पनि सक्छ भने अर्कोतिर कम महत्वका अंगमा भाइरसको असर न्यून हुन्छ।

तसर्थ, कदाचित भाइरल प्रोटिनमा आउने बदलाबले भाइरसले ' भाइटल अर्गेन' को बदला कम महत्वका तन्तुमा प्रहार गरे बिरामीमा क्षति नगन्य हुन्छ नै। त्यस्तै प्रोटिनमा आउने बदलाबका कारण भाइरसले आफ्नो 'इन्फेक्सन क्यापासिटी' क्षय गर्दा भाइरस नासिन्छ। उदाहरणका लागि इन्जाइममा आएको बदलाबले गर्दा कोरोना परिवारअन्तर्गतकै अनि अहिले आतंकको रूपमा देखिएको कोभिड-१९ को दाँजोमा निकै खराब 'सार्स' भाइरस उत्पत्तिको २ वर्षभित्र नै नासियो। तसर्थ, भाइरसमा आउने अणुवांशिक परिमार्जनले सूक्ष्माणुलाई थप विषाक्त बनाउनेमात्र होइन बरु विसर्जनको बाटो पनि देखाउँछ। बिफरलगायतका धेरै भाइरसबाट बच्न एक खोराक भ्याक्सिन काफी हुन्छ। अनि एक पटकको संक्रमणपछि फेरि अर्को पटक जीवाणुले सताउने संभाव्यता हुँदैन तर कोभिडको हकमा त्यस्तो देखिएन। सामान्य खोराकका अतिरिक्त 'बुस्टर सट' लिएका मानिसलाई समेत कोरोना लाग्यो।

एक पटक कोभिड लागेर थलिएको मानिसमा समेत भाइरस दोहोरियो। फरक चरित्रका कारण कोभिडलाई बेग्लै ढंगले व्यवस्थापन गर्नु वैज्ञानिक चुनौती रह्यो। त्यसै क्रममा आरएनए, प्रोटिन तथा डिएनएमा आधारित भ्याक्सिन मात्र परीक्षण भएनन् बरु चक्कीका रूपमा ओखती पनि प्रयोगमा आए कोरोना नियन्त्रण गर्न। सबै उपचार विधिले सकारात्मक परिणाम त दियो तर रोगलाई पूर्ण नियन्त्रण गर्न भने सकेको छैन। वैज्ञानिकहरू अन्य विकल्पका लागि अनुसन्धानरत छन्। कोभिडको पूर्ण प्रभावकारी उपचार बजारमा नआउन्जेल सबैले सतर्कता लिनुपर्ने हुन्छ। त्यसै सन्दर्भमा गत हप्ता विश्व स्वास्थ्य संगठनका निर्देशकले ओमिक्रोन भेरियन्टसको असर विगतका प्रजातिको तुलनामा निकै कम भए पनि सबै सतर्कता अपनाउन संसारलाई फर्मान जारी गरे। कस्ता आदेश तथा निर्देशन हाम्रा लागि उपयुक्त छन् भन्ने कुराको हेक्का भने नेपाल स्वयंले गर्ने हो। नेपालमा विगतको संक्रमण तथ्यांक, सर्ने गति र सामाजिक परिवेशलाई उत्खनन गर्दा जनसंख्याको ठूलो हिस्सालाई विगतमा कोरोनाले सताइसकेको भन्न सकिन्छ। त्यस्तै सरकारी खोप वितरणको तथ्यांकले एउटा जमातले भ्याक्सिन घोचेको देखिन्छ। अनि, सार्वजनिक भएका अन्वेषणले खोप लिएका तथा एक पटक कोरोना लागेका व्यक्तिमा ओमिक्रोनको असर तथा अस्पतालमा भर्ना हुनुपर्ने संभाव्यता कम हुन्छ है भन्ने सन्देश दियो। संसारका विभिन्न भेगवाट आएका तथ्यांकले ओमिक्रोन भेरियन्टसका कारण थलिएर हस्पिटल भर्ना हुने संभावना निकै कम छ भन्छ। त्यसको मतलब ओमिक्रोनका कारण अस्पताल जानै पर्दैन, मानिस मर्दै मर्दैनन् भन्ने होइन। त्यसो त साधारण रुघाखोकीले थलिएर मानिस मरेको पनि नदेखिएको होइन। कुनै पनि निर्णय गर्दा परिस्थितिको गाम्भिर्यता र विश्लेषणको दरकार पर्छ नै। मृत्यु वरणको संभाव्यता न्यून भएको अवस्थामा भाइरस नियन्त्रणको नाममा भौगोलिक सीमा बन्दाबन्दी गर्नु कहीँ सडक दुर्घटनाबाट बच्नका लागि यातायातका साधन बहिष्कार गरौँ भन्ने जस्तो त हुँदैन?

ओमिक्रोन भेरियन्ट्सका कारण किन सिकिस्त बिरामीको संख्या कम भयो त भन्ने संबन्धमा गत हप्तामात्र सार्वजनिक भएको अनुसन्धानात्मक नतिजा सान्दर्भिक हुने देखियो। संसारका अधिकांश मानिसलाई विगतमा भाइरस लागिसकेको अथवा खोप लिइसकेका कारण ओमिक्रोनका कारण सिकिस्त बिरामी हुनेको संख्या घटेको त होइन भन्ने प्रश्नको उत्तर दिन अनुसन्धानकर्ताहरूले 'एनिमल मोडेल' को रिसर्च गरे। संसारमा हालसम्म कोरोना नलागेको र भ्याक्सिन नघोचेका मानिसको आकडा पर्याप्त नभएकाले उत्तरका लागि जनावरको प्रयोग गरियो। उक्त परीक्षणमा जनावरलाई ओमिक्रोन भेरियन्ट्सले संक्रमण गराइयो अनि भाइरसले शरीरको विभिन्न भागमा पारेको असरको सूक्ष्म अध्ययन गरियो। उक्त अनुसन्धानले ओमिक्रोनले फोक्सोको सट्टा श्वास प्रणालीका माथिल्ला भागमा बढी असर पारेको देखियो।रेस्पिरेटरी सिस्टमको माथिल्ला भागमा भाइरसको प्रभाव धेरै हुँदा सास फेर्दा जीवाणुको ठूलो जत्था बाहिर निस्कने भएकाले समुदायमा ओमिक्रोनको आयतन एक्कासि बढ्यो। अनि, पूर्ववर्ती भेरियन्ट्सहरू, जस्तो- ओमिक्रोनले महत्वपूर्ण अंग फोक्सोमा संक्रमण खासै नगर्ने भएकाले बिरामीलाई सघन उपचार कक्षमा राखेर उपचार गर्नुपर्ने अवस्था भयो। प्रोटिनमा आएको बदलावले फोक्सोमा संक्रमण गर्ने विगतको आचरण फेर्न सक्नु नै ओमिक्रोन कम खतरापूर्ण भएको पुष्टि भयो। विगतको तुलनामा कम हानिकारक ओमिक्रोनपछि के भाइरस नासिन्छ त भन्ने प्रश्नको सन्दर्भमा वैज्ञानिकहरू सकारात्मक छैनन्। भाइरसको संक्रमणलाई नियन्त्रणमा ल्याउन नसके नवीन भेरियन्ट्सहरूको संभाव्यता सदैव रहने अनि तिनीहरूको चरित्र अनुकूल तथा प्रतिकूल जे पनि हुन सक्ने देखियो। जस्तोसुकै चरित्रका भेरियन्ट्सहरू उत्पन्न भए पनि मेडिकल साइन्सले गरेका विकासका कारण कोरोना भाइरसले बिष्फोटक अवस्था ल्याउन नसक्ने कुरामा वैज्ञानिक ढुक्क देखिन्छन्।

# राष्ट्र निर्माता पृथ्वीनारायण शाहको योगदानलाई नबिर्सौं



चक्र चन्द

स्वाभिमानी नेपालीहरुले बिर्सनै नसक्ने र गौरव गर्नुपर्ने एक महत्वपूर्ण नाम हो पृथ्वीनारायण शाह । पृथ्वीनारायण शाहको जन्म आजभन्दा करिब ३०० वर्ष पहिले सन् १७७९ पौष २७ गते गोर्खामा भएको थियो । उनले आफ्नो जिवनकालमा चारैतिर छरिएर रहेका स-साना राज्यहरुलाई मिलाएर एउटा बिशाल नेपाल राज्यको निर्माण गरे । नेपालको सिमाना पुर्वमा टिष्टादेखि पश्चिममा काँगडा सम्म पुर्याउने अभियानको सुरु गरे । त्यतिमात्रै नभएर उनले जनताहरुको लागी महत्वपूर्ण दिव्य उपदेश समेत दिएका छन् । पृथ्वीनारायण शाह आज हामी बीच नरहे पनि नेपाल र नेपालीको निम्ति बिर्सनै नसक्ने गुन लगाएर गएका छन् ।

हामी उनैले खनेको जग र आर्जेको मुलुकमा गर्वसाथ बस्न पाईरहेका छौँ । जतिबेला नेपाल छिन्न भिन्न र टुक्रा-टुक्रा अवस्थामा बाईसे चौविसे राज्यमा विभाजित थियो सयौं फूलका थुङ्गा गाँसेर एउटा सिङ्गो माला बनाए जस्तै गरि उनले सबै राज्य रजौटाहरु लाई एकीकृत गरि विशाल नेपालको निर्माण गर्न सफल भए। यसैले उनलाई नेपाल एकीकरणका मुख्य अभियन्ता र राष्ट्र निर्माता मानिन्छ । सायद पृथ्वीनारायणले नेपाल एकीकरण नगरेका हुन्थे भने आज हामी यसरी नेपाली भनेर गौरव गर्न पाउने थिएनौं अरु कुनै देशको अधिनमा रहन्थ्यौं होला ।

पछिल्लो समय देशको नेतृत्वकर्ताहरुले पृथ्वीनारायण शाहको योगदानलाई बिर्सेको भनेर चौतर्फी आलोचना सुरु भएको छ । हुनपनी सरकारको नेतृत्व गर्नेहरुले पृथ्वीनारायण शाहको सम्मानमा दिँदै आईएको पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको बिदा कटौती गर्नुले पृथ्वीनारायण शाहको राष्ट्र निर्माणको योगदान सरकारले बिर्सेको होकि भन्ने जो कोहीलाई लाग्नु स्वाभाविकै हो । के पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेर गल्ती गरेका थिए..? होइन भने विश्व ईतिहासमा विभिन्न देशहरुको एकीकरण गरेका योद्धाहरुको प्रशंसा र सम्मान भैरहँदा हामी किन उनको योगदानको कदर गर्न हिच्किच्याई रहेका छौँ.. ? यसरी नेपाल एकीकरण गर्ने महान योद्धाको योगदान नेपालीले भुल्दै जानु अत्यन्तै दुःखद कुरा हो । पृथ्वीनारायण शाह राजा मात्रै होइनन् उनी राष्ट्र निर्माता हुन । गणतन्त्र आउनुभन्दा पहिले सम्म सरकारले पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस हरेक वर्ष पुस २७ गतेका दिन सार्वजनिक बिदा दिएर मनाउँदै आएको थियो ।

तर दुर्भाग्य मान्नुपर्छ गणतन्त्र आएपछि सरकारले त्यो बिदा नै हटाइएको छ । यसले नेपाल एकीकरण गर्ने महान योद्धा पृथ्वीनारायण शाहको अवमूल्यन भएको देखिन्छ । सरकारले अनावश्यक बिदा थप्दै जानू तर पृथ्वी जयन्ती जस्तो महत्वपूर्ण दिनको बिदा कटौती गर्नु अत्यन्तै खेदजनक कुरा हो । पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस नागरिकले उल्लासपुर्ण तरिकाले मनाउन पाउनु पर्छ । विश्वका अन्य मुलुकहरूमा राष्ट्र एकीकरणका नायकहरुलाई सम्मान गरिएको गौरवपूर्ण ईतिहास छ। चिनका सम्राट "छिन शिह ह्वाङ ति,माओत्सेतुङ,जर्मनीका राजनेता ओटो फन बिस्मार्क,ईटलीका जनरल जिउसेप्पी, भिक्टर ईम्मानुएल, मस्कोका महाराजकुमार "ईभान द टेरिबल,यी जार,भारतमा महात्मा गान्धी लगायत लाई उनीहरुको योगदानको कदर गर्दै ती देशहरुमा सम्मान गरिदै आईएको छ । विश्वको यो प्रचलन नियाल्दा राष्ट्र निर्माताहरुको सम्मान स्पष्ट पारेको छ । नेपाल एकीकरणसँगै नेपालको नाम र पहिचान अन्तर्राष्ट्रिय रुपमा स्थापित गराउने राष्ट्र निर्माता पृथ्वीनारायण शाहाको ईतिहाँसनै मेटाउने,बदनाम गर्ने वा अवमूल्यन गर्ने काम स्वाभिमानी नेपालीलाई किमार्थ सैह्य हुँदैन ।

आजको विश्व परिवेशमा पृथ्वीनारायण शाह जस्ता वीर,साहसी, पराक्रमी र दूर दृष्टि भएका नेताको महत्त्व थप बढेर गएको छ । देश भित्र वा बाहिर शक्तिको लडाइँ चलिरहेको छ । राष्ट्र र राष्ट्रिय एकताको लागी केहि त्याग गरौं भन्ने भावना र मानसिकता अहिलेको नेतृत्वमा भएको देखिदैन । शक्ति राष्ट्रहरु बीच चल्दै आएको शितयुद्द र भुराजनितिक जटिलताको बीच नेपालमा राष्ट्रिय एकता थप मजबुत बनाउन आवस्यक देखिन्छ । यहाँ राजतन्त्र र गणतन्त्रको सवालको प्रश्न होइन राष्ट्रिय एकताका प्रतीकको कुरा छ । पृथ्वीनारायण शाह नेपाल एकीकरणका संवाहक हुन,जननी हुन । नेपालीका सान हुन । उनी राष्ट्र निर्माता हुन त्यसैले उनको तुलना अरु कसैसँग गर्न सकिदैन । फरक बिचारहरुलाई लिएर फरक मत राख्न त पाईन्छ तर राष्ट्र निर्मातालाई मान्दैन,चिन्दैन भन्न पाईदैन ।

देशको लागी सिन्को भाँच्न नसक्नेहरुले अहिले पृथ्वीनारायण शाहको विरोध गरेको देखिन्छ तर त्यो कदापि राम्रो होइन । पहिले आफुले राष्ट्र र राष्ट्रियताको निम्ति त्याग गर्नसक्नुपर्छ अनिमात्रै आलोचना गरेको सुहाउँछ होइन भने खोक्रो आलोचना र राष्ट्रवादले पृथ्वीनारायणको उचाई घट्दैन बरु बढ्छ। खासगरि कुनै पनि देश निर्माणका खम्बाहरुलाई जुन देशमा बेवास्ता गरिन्छ नि बिखण्डनकारीहरु सलबलाउन थाल्छन् । यस्का प्रमाणहरु बिश्वका विभिन्न देशका इतिहास साँची छन । को राष्ट्रबादी भन्ने कुरा चर्का भाषणले होइन कर्मले निर्धारण गर्दछ। पृथ्वीनारायण शाहको राष्ट्र निर्माणको योगदान कसैले नभुलौ । हाम्रा गौरवपुर्ण इतिहासलाई सम्मान गर्दै बचाई राख्नु नै सच्चा नेपाली को धर्म हो ।

अन्तमा :- सम्पुर्ण नेपालीहरुमा पृथ्वी जयन्तीको हार्दिक शुभकामना ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## कविता

क्षणमै सम्पुर्ण सम्बन्ध तहस नहस हुन्छ।
चुनाव आउन लाग्यो, अब यहि बहस हुन्छ।
अरे सम्झाइदिनुस उसलाई पनि तपाई,
अहिले मासु र रक्सीमा पछि सकस हुन्छ।

यहाँ उम्मेदवार खर्च होइन लगानी गर्दैछ,
बुझ्नुस, उसलाई पनि पैसाको हवस हुन्छ।
अरे तपाई किन बुझ्नु हुन्न, यो राजनिति हो।
तपाईको मत उस्लाई बेकामको बकस हुन्छ।
बकस (बक्सिस)

सरुमारानी १, दर्भान प्यूठान



किरण पोख्रेल (एक बसन्त)

## गजल

सुस्तरी तिमी मेरो नजिक आउनु पर्छ।
अनि ती हातले यी हात समाउनु पर्छ।
रचनालाई मार्मिक र मिठो बनाउन त
कोही आएर यो मन बहकाउनु पर्छ।
नजान्दा सिधै थप्पड लगाउनु भन्दा
पहिले सम्झाउनु पर्छ बुझाउनु पर्छ।
सुरुसुरुमा माया बस्नलाई त हजुर
उसको यादले हरपल सताउनु पर्छ।
आखालाई सुन्दर र चम्किलो बनाउन
हरेक दिन थोरै थोरै आसु बगाउनु पर्छ।



लालीमाया थापा मगर
नौबहिनी गाउँपालिका-२, लिघा, प्यूठान

## गजल

सधैं भरि अतीतमा तिमी नआए हुन्थ्यो
बरु राखेर तस्वीर सिरानी बनाए हुन्थ्यो

जिन्दगीमा सफर कहाँ सकिन्छ हिड्दा
साथमा बसेर यात्रा सँगै धाए हुन्थ्यो

साथमा राख्दा मन बुझाउन गाह्रो होला
मैले दिएका उपहार फिर्ता पठाए हुन्थ्यो

भुल्न गाह्रो भो यादहरु सजाई खप्न पनि
भएर तिम्रै तिनै अङ्गालोमा निदाए हुन्थ्यो

शिशिर बितिसक्दा पनि वसन्त फर्किएन
उजाड लाग्दो मनको घर सजाए हुन्थ्यो



श्यामकुमार क्षेत्री मुस्कान
*नौबहिनी गा.पा ८ बल्लेखोला प्यूठान हाल, भारत*

## गजल

गन्तव्यको बाटो खोज्दै ठाउँ,ठाउमा कोरेर
उनकै यादमा सेतो पर्दामाथि छोडेर जिन्दगी

हेर्ने हरुको भिड थियो त्यो ठाउमा पुग्दा,
फर्केर आए अर्कै बाटो मोडेर जिन्दगी !

ओइलिएको फुलजस्तै डालिमाथी सुक्दा,
बाटोभरी फाल्दै हिड्छु तोडेर जिन्दगी !

उकुस,मुकुस भरिएका कथा,व्याथा मेरा,
दुनियालाइ सुनाउछु यहाँ फोरेर जिन्दगी !

एउटै मुटु टुक्रिएर छिया,छिया हुदा,
बाध्य भय चलाउनलाइ जोडेर जिन्दगी !

आसुसङ्ग भिजेका हरेक चोटहरु मेरा,
ढाक्दै हिड्छु सपनिको खोल वोडेर जिन्दगी !!



गिर बहादुर के.सी.(बिरही)
*गौमुखी गाउँपालिका-६, लिवाङ, प्यूठान*

# मलाई बाल्यकलामा फर्कन मन लाग्यो

रातको ११ बजे एम्बुलेन्सको साइरनसँगै एक युवकलाई इमर्जेन्सी वार्डमा ल्याइन्छ। अनुहार चिन्नै नसक्ने गरि रक्ताम्य छ, हातगोडा चिसा र कडा भइसकेका छन्। सबै भाइटल साइन्सहरु शून्य छन्। इसिजीले सिधा धर्को देखाउँदैछ। मलाई मानिसको जीवन र इसिजीको धर्का उस्तै लाग्छ। बाँच्नका लागि एक निर्धारित उकाली ओराली हुनैपर्ने। धेरै उकाली र ओरालीले जीवनलाई कष्टकर र पीडादायी बनाउँछ। इसिजीका धर्का नि त्यही समान छन्, सधैं एक गतिमा चलायमान हुनैपर्ने।

जीवनका अनेक उकाली ओरालीपछि एउटा चौतारी आउनैपर्छ जसले पुनः उकाली ओराली गर्ने जाँगर थप्ने गर्दछ तर चौतारीमा जीवन सधैं अल्झिरहन सक्दैन। यदि त्यसो भयो भने जीवन शून्य हुनेछ, ठ्याक्कै इसिजीका धर्काहरुभैँ। जीवनले पनि त विश्राम लिनेछ इसिजीले जस्तै। हो, यो युवकको जीवनले नि सधैंका लागि विश्राम लिइसकेको थियो। हामी आवश्यक कागजपत्र तयार पार्दै थियौं, एक हुल मानिसहरुको इमर्जेन्सीमा प्रवेश हुन्छ जसमा मेरो आँखा युवकलाई अङ्गालो हाल्दै रुँदै गरेकी युवती (श्रीमती) र उसको नाबालक छोरामा पर्यो। आफ्नी आमा रोएको देखेर ऊ पनि रोयो। तर सायद उसले बुझ्न सकेन उसका आँसु केका लागि बग्दैछन् भनेर। जीवनमा हामी पनि आँसु त बगाउछौं तर कहिलेकाहीं आँसुको अर्थ नै बुझ्दैनौं। वा बुझ्ने चेष्टा नै गर्दैनौं।

एकछिनपछि ती युवतीलाई आफन्तले बाहिर लैजान्छन् तर बालक त्यहीं हुन्छ। उसको हातमा एउटा सानो गाडी छ, सायद उसको प्रिय खेलौना। ऊ त्यही खेलौना भुइँमा राख्छ अनि टिट टिट आवाज निकालेर खेलिरहन्छ घरि उसको पिता गहिरो निन्द्रामा सुतेको बेड अघि, घरि पछि। उसलाई थाहा छैन र ऊ बुझ्दैन पनि। हिजो उसको लागि घोडा बनेर घुडाँ टेकेर हिँडेको उसको पिता अब हिँड्ने छैन। सन्तानको खुसीको लागि अब उसले कहिल्यै घुडाँ टेक्नेछैन। म बालकलाई हेरिरहन्छु। आखिर दुःख र पीडा बुझेपछि, जानेपछि हुने रहेछ। जतिसुकै आत्मीय र प्रिय किन नहोस् आफूलाई त्यसको कुनै हेक्का र मतलब छैन भने त्यो मान्छे वा वस्तु गुमाउदा कुनै पीडा हुन्न रहेछ। खुसी र सुखी हुन ठाउँ, परिस्थिति, व्यक्ति तथा अन्य कुनै कुराले बाधा उत्पन्न गर्न नसक्दो रहेछ। मलाई फेरि पनि त्यही बाल्यकालमा फर्कन मन छ। यो दुनियाँको अनेकन जालझेल र पीडा भुलाउन मन छ। एउटा खेलौना हातमा राखि टिट टिट भन्न मन छ। स्वतन्त्र अबोध बालक झैं। डा. शाही प्यूठान अस्पतालमा कार्यरत छन्।



डा. दिपेन्द्र जंग शाहि

# जब अफिसबाट फोन आयो- अन्तै जागिर खोज्नू !

मैले पढाइलाई पनि निरन्तर दिँदै जागिर गर्ने सोच राखेको थिएँ। घरको आर्थिक अवस्था पनि कमजोर भएकाले पढाइलाई निरन्तरता दिनको लागि भए पनि जागिर गर्नु नै पर्ने थियो। घरमा बुढा भएका बाबा-आमालाई खुसी पार्नको लागि भए पनि एउटा जागिर गर्नु मेरो ठूलो उपलब्धि हुने थियो भन्ने लागिरहेको थियो। म सँगसँगै पढेको साथी सन्दीपले बाटोमा हिँडदै गर्दा भन्दै थियो- नेपालमा जागिर खान कति गाह्रो होई साथी ? जति पढेनी जागिरको लागि यति धेरै दुःख छ।

गाउँमा फलानोको छोरा कति धेरै पढेको छ भन्दै कुरा गर्छन् रे। यता मलाई जागिर पाउनै मुस्किल छ। यदि जागिर नै पाइएन भने त बाबु-आमाको दुःख खेर फाल्यो भनेर कुरा काट्ने होलान् भन्ने चिन्ता। झनझन् उमेर बढ्दै गयो जिम्मेवारीले धेरै नै च्याप्दो रहेछ भन्दै थियो साथी तर मेरो पनि पीडा उस्तै थियो। म पनि जागिरको खोजीमा भौंतारिरहेको थिएँ। विभिन्न संस्थाकहाँ जागिरको लागि धेरै बिन्ती गरें। तर पनि जागिर दिएनन्। सबैले सोध्छन्- तपाईं कुन पार्टी को ? तपाई कुन नेताको मान्छे ? मलाई लाग्यो नेताको पहलमा जागिर खानुपर्‍यो भन्दै नेता ज्यूसम्म पुगें। नेताज्यू भन्नुहुन्छ- भोट कसलाई हालेको बाबु। जागिरको खोजीमा विभिन्न प्रश्न सुनें तर जागिर पाउन सकिनँ।

मलाई पार्टीभन्दा पनि भोक प्यारो थियो। यही भोक मेटाउनको लागि नै जागिरको खोजीमा थिएँ। गरिबको लागि पार्टीभन्दा जागिर महत्त्व थियो। कसलाई सुनाउनु मनको पीडा! घरपरिवारको आर्थिक अवस्थाको कमजोर कोही थिएन मेरो समस्या बुझिदिने। जनतन खोज्दा-खोज्दै एउटा सहकारीमा जागिर पाएँ। मलाई लाग्यो थोरै तलब भए पनि आर्थिक अवस्थामा केही न केही सुधार त आउँछ। जनतन दिनहरू कटिरहेका थिए। त्यस सहकारीमा करिब दुई महिना जति जागिर गरेको थिएँ होला। मलाई एक्कासि खबर आयो- अन्तै जागिर खोज्नू ! मैले केही गल्ती गरेकै छैन कि जागिरबाट निकालियो भने सहकारी अध्यक्ष ज्यूलाई सोधें।

अध्यक्ष ज्यूले ठाडो भाषामा भन्नुभयो- तिम्रो ठाउँमा अरू नै कोही आउँदै छ। केही समयपछि बुझ्दै जाँदा नेताको पावरमा मेरो ठाउँमा आफ्नो मान्छेलाई जागिर लगाएका रहेछन्। मलाई लाग्यो गरिबको खुसी नै नेताले नै खोस्दा रहेछन्। मनमा धेरै पीडा थियो पाएको एउटा जागिर पनि नेताले खोसीदिँदा मन खिन्न भएको थियो। जनताको लागि केही गर्छु भनेर नेता भएकाहरूले त आफ्नाको लागि जे नि गर्न सक्छन् तर जनताको लागि केही गर्न खोज्दा रहेनछन्।

नेता त गरिबमाथि आफ्नो दमनमा पारेर शासन चलाउनमात्र खोज्दा रहेछ। एउटा कोठामा डेरा लिएर पढ्न बसेको युवक थिएँ। सपनाहरू बुन्दै पढ्दै गरेको। मलाई नेताको व्यवहार देखेपछि पढेर केही होलाजस्तो लागेन सबै पावर नै पावर चल्दो रहेछ। गरिबको लागि त यो सहरमा केही पनि रहेनछ। अब गाउँ गएरै बाबु-आमासँग बस्ने र गाउँघरकै काम गर्ने निर्णय गरें। मलाई लाग्यो- सहरभन्दा गाउँमै गएर समाजको लागि केही गर्छु मलाई जस्तो मेरो समाजका कुनै पनि व्यक्तिलाई नपरोस् भन्ने सोचका साथ पढाइलाई त्यागेर गाउँतिर हिँडें। म गाउँ जाँदा गाउँलेहरूले कुरा काटे। यति धेरै पढेको मान्छे किन गाउँ आएको होला ? सहरतिरै केही गर्नुपर्ने भनेर। तर अहिले परिवार र गाउँलेहरू धेरै नै खुसी छन्। मैले मेरो गाउँमा गरेको मेहनत र प्रगति देखेर। भन्निन्छ नि मेहनत गरे आफ्नै जमिनको माटोमा सुन फल्छ। तर मेहनत र जीवनमा पाएको ठक्करले मलाई सकारात्मक बाटो लाग्न प्रेरणा मिल्यो।



नरेन्द्र ज्ञवाली

स्वस्थ र सुन्दर संसार, स्तनपान एकमात्र आधार

पूर्ण स्तनपानले शिशु स्वस्थ बनाउन तथा आमा र शिशुबिच आत्मीयता बढाउन सहयोग गर्दछ

कोभिड-१९ संक्रमित महिलाले साबुन पानीले हात धोई, मास्क लगाई स्तनपान गराउन र शिशुलाई आफूसँगै राख्न सक्दछिन्।

अनुरोधक : स्वास्थ्य कार्यालय, प्यूठान

रोचक/प्रेरक प्रसङ्ग

# एमसीसी विरुद्ध राजमोको विरोध प्रदर्शन

**झुलेनी पोष्ट**
**प्यूठान**

राष्ट्रिय जनमोर्चा, प्युठानले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) विरुद्ध प्रदर्शन गरेको छ । शनिबार गौमुखी गाउँपालिकाको ठूलाबेसीमा राजमोले प्रदर्शनसहित विरोध सभा गरेको हो। राष्ट्रिय जनमोर्चा गौमुखी गाउँपालिका समितिको आयोजनामा सम्पन्न सभालाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सदस्य कृष्ण खड्काले राष्ट्रघाती एमसीसी संसदबाट पारित नगरी खारेज गर्न माग गरे।



राष्ट्रिय जनमोर्चा गौमुखी गाउँपालिका समितिले आयोजना गरेको विरोध र्याली

साम्राज्यवादी अमेरिका एमसीसीको माध्यमबाट नेपालमा प्रवेश गर्ने र चीन घेर्ने नीति लिएको भन्दै उनले देशको राष्ट्रियतामा दीर्घकालिन असर पर्ने सम्झौता जनताका लागि स्वीकार्य नहुने चेतावनी दिए। राजमो लुम्बिनी प्रदेश अध्यक्ष बोम बहादुर खत्रीले एमसीसी नेपालको लागि घातक हुने भन्दै कुनै हलतमा पास गर्न नहुने बताए। उनले एमसीसी विरुद्ध सचेत नेपाली जनतालाई खवरदारी गर्न समेत आग्रह गरे।

कांग्रेस, एमाले एमससिी पास गर्न मौन सहमतिमा रहेको भन्दै उनले अमेरिकी साम्राज्यवादलाई नेपालमा आफ्नो स्वार्थ पुरा गर्न नदिन राष्ट्रवादी शक्तिहरु एक हुनुपर्नेमा जोड दिए। अखिल नेपाल किसान महासंघका केन्द्रिय उपाध्यक्ष चन्द्र बहादुर केसीले राजनीतिलाई कमाइ खाने धन्दाको रुपमा विकास गरिएको भन्दै सही राजनीति र बिचारलाई साथ दिनु पर्ने बताए।

सभामा राजमो लुम्बिनी प्रदेश सहसचीव केशव आचार्य, नेकपा (मसाल) प्युठानका वक्ता ज्ञामुराम न्यौपाने, अखिल नेपाल महिला संघ, प्युठानका सचिव कमला पोखरेल लगायतले मन्तव्य राखेका थिए।

# अपाङ्गता आवासगृहमा नकर्मिद्वारा सहयोग सामग्रि वितरण

**झुलेनी पोष्ट**
**प्यूठान**

राष्ट्रिय अपाङ्ग सेवा संघ प्यूठानले सञ्चालन गर्दै आएको अपाङ्गता आवासगृहमा सहयोग सामग्रि वितरण गरीएको छ। मल्लरानी गा.पा.-४, सरस्वती टोल खलंगा निवासी गोपाल नकर्मीले आइतबार आवासगृहमा ५ वटा सादा प्लङ उपलब्ध गराएका हुन् । संघले शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई पढाउनका लागि आवासगृह सञ्चालन गर्दै आएको छ। 'जन्मस्थान अपरिवर्तनीय हुन्छ, जन्मस्थानप्रतिको माया अटुट हुन्छ', सहयोगी नकर्मिले भने, 'स्वदेशमा रहँदा जन्मस्थान प्रति र विदेशमा रहँदा जन्भूमिप्रतिको स्नेहलाई बिर्सन सकिदैन ।' करिब २० हजार बरावरको सामग्रि सहयोग पाउँदा आफूहरु खुसी भएको आवासगृह सञ्चालक संस्थाका अध्यक्ष जुमानसिंह के.सी.ले बताए।

# बचतको ब्याजबाट ग्याँसचुलो

**झुलेनी पोष्ट**
**प्यूठान**


प्यूठानमा एक सामुदायिक सस्थाले बचतबाट आएको ब्याज र कमबाट सदस्यहरुलाई खाना पकाउने एलपिजि सिलिण्डर ग्यास बितरण गरेको छ। प्यूठानको गौमुखि गाउपालिका वडा नंबर ६ लिबाङ बुक्तिचौरमा रहेको बर्मा सामुदायिक संस्थाले समुहमा आबद्ध २९ सदस्यहरुलाई एक एक थान ग्यास चुलो सहितको सिलिण्डर वितरण गरिएको सस्थाका सचिब लाल बहादुर बुढा मगरले बताए । २०६४ सालमा स्थापना भएको उक्त सस्था हालसम्म बचत गरिएको र कमबाट सिलिण्डर खरिद गर्न लाग्ने रकम सदस्यकै प्राप्त बचतको ब्याज रकमबाट उक्त ग्यासचुलो बितरण गरिएको हो। खाना पकाउन सजिलो होस भन्ने उद्देश्यका साथ सदस्यहरुलाई उनिहरुकै बचतबाट आएको ब्याजबाट ग्यासचुलो वितरण गरिएको सस्थाका अध्यक्ष इश्वर सुनारले बताए । अहिले सस्थामा ३५ जना सदस्य र ८ लाख बढी बचत भैसकेको सचिब बुढामगरले जानकारी दिए।

# अभियानमा थपिए ७ हजार ३ सय मतदाता

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट**

पालिका स्तरमा सञ्चालन गरेको अभियानबाट प्यूठानमा ७ हजार ३ सय ५ जना मतदाता थपिएका छन् । नागरिकता बनाएर मतदाता नामावलीमा छुटेकाहरुलाई कार्यालयले हरेक गाउँपालिका तथा नगरपालिकामा संकलनका लागि अभियान सञ्चालन गरेको थियो। अभियानका क्रममा स्वर्गद्वारी नगरपालिकामा सबैभन्दा धेरै १ हजार ४ सय ५५ जना मतदाता थपिएका हुन् भने सबैभन्दा थोरै झिमरुक गाउँपालिकामा ४ सय ६२ जनाको नामावली संकलन गरीएको छ। कार्यालयका अनुसार प्युठान नगरपालिकामा १ हजार १ सय ४६ जना, माण्डवी गाउँपालिकामा १ हजार ४ सय २८ जना, सरुमारानी गाउँपालिकामा १ हजार ४१ जना, नौबहिनी गाउँपालिकामा ५ सय ३१ जना, गौमुखी गाउँपालिकामा ४ सय ६४ जना र ऐरावती गाउँपालिकामा ७ सय ७८ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको कार्यालय प्रमुख राजन श्रीवास्तवले जानकारी दिए। उनका अनुसार मल्लरानी गाउँपालिकामा अभियान सञ्चालन गरीएको छैन। यो गाउँपालिकामा निर्वाचन कार्यालय र जिल्ला प्रशाशन कार्यालयबाटै नियमित रुपमा नामावली संकलन भइरहेकाले छुट्टै अभियान चलाइएको हैन।

कार्यालयले मंसिर १७ गतेदेखि पुस ९ गते सम्म फोटो सहितको मतदाता नामावली दर्ता कार्यक्रम संचालन गरेको थियो । नेपाली नागरिकता बानाई फोटो सहितको मतदाता नामावली दर्ता गर्न छुटेका नेपाली नागरिकहरुले आ-आफ्ना स्थानीय तहको केन्द्रमा गई नाम दर्ता गराएका हुन् । यो अभियान संघ, प्रदेश तथा स्थानीय तहको



निर्वाचनको मिति घोषणा नहुदासम्म जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट नामावली संकलन कार्य भइरहेको छ । अहिले पालिकास्तरमा अभियान सञ्चालन गर्दा छुटेका सबै नागरिकहरुले अझैपनि फोटो सहितको नामावली भर्न सकिने कार्यालयको जनाएको छ।

# तिखाचुली सामुदायिक वनमा भेटियो मानव कंकाल

प्युठानको गौमुखी गाउँपालिका-३ रजबाराको तिखाचुली सामुदायिक वनमा आइतबार बिहान मानव कंकाल फेला परेको छ।

उक्त कंकाल गत भदौ १२ गतेदेखि हराएका गौमुखी गाउँपालिका-५ रजवाराका ४२ वर्षीय हिमाल गुरुङको भएको इलाका प्रहरी कार्यालय लिवासेले जनाएको छ । ५ महिनादेखि परिवारको सम्पर्कमा नरहेका गुरुङले लगाएको पाइन्ट, टिसर्ट र चप्पलको आधारमा पहिचान गरिएको प्रहरीको भनाइ छ। घरदेखि करिब ५ घण्टा पैदल दुरीमा पर्ने वनमा खर काट्न गएको बेला हिमालका २३ वर्षीय छोरा प्रकाशले कंकाल देखेको प्रहरीलाई जानकारी दिएका थिए। घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# मल्लरानीद्वारा अल्पकालीन सेवा केन्द्र संचालनमा

**झुलेनी पोष्ट**
**प्यूठान**

हिंसा पीडित महिला तथा किशोरीहरुका लागि अल्पकालीन सेवा केन्द्र सञ्चालन हुने भएको छ। मल्लरानी गाउँपालिकाले लैङ्गिक हिंसा र पिडामा परेकाहरुका लागि केन्द्र सञ्चालन ल्याउन लागेको हो । लुम्बिनी प्रदेशका सभासद हरि रिजालले एक कार्यक्रमको अवसरमा रिवन काटेर सेवा केन्द्रको उद्धाटन गरेका हुन् । स्थानीय तहका जनप्रतिनिधि, जिल्लाका राजनीतिकदल, सरकरी कार्यालयका प्रतिनिधि, संघ सस्था र पत्रकारको उपस्थितिमा अल्पकालीन सेवा केन्द्रको उद्धाटन गरिएको हो । केही वर्ष अगाडी देखि संघ सस्था तथा सहकारीबाट खलंगामा अल्पकालीन सेवा केन्द्र संचालित हुँदै आएको थियो। नियमित स्रोतको अभावमा पीडितहरुलाई सेवा दिन, लिन अप्ठ्यारो परिरहेको अवस्थालाई मध्यनजर गर्दै दीर्घकालीन र नियमित सेवा उपलब्ध गराउनका लागी स्थानीय सरकार बाट संचालन गर्ने निर्णय गरिएको मल्लरानी गाउँपालिका उपाध्यक्ष सरिता जि.सी.ले बताइन् । संघीय सरकारबाट




सेवा केन्द्रका लागि ५ लाख प्राप्त भएको र केही रकम गाउँपालिकाबाट बिनियोजन गरि सेवा केन्द्र संचालन गर्न लागिएको उपाध्यक्ष जि.सी.ले बताइन् । मल्लरानी गाउँपालिकाले ०७८/०७९ मा गाउँसभा बाट निर्णय भएकोले सेवा केन्द्रलाई सुरुवात गरिएको प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले जानकारी दिए । साविकको सदरमुकाम रहेको र जिल्ला स्तरीय सम्बन्धित कार्यालय समेत खलंगामा रहेको हुदा हिंसा पीडितहरुलाई सेवा तथा न्याय प्राप्त गर्न सजिलो हुने भएकोले गाउँपालिकाले यसमा ध्यान केन्द्रित गरेको उनले बताए । मल्लरानी गाउँपालिकाले सेवा केन्द्रको नेतृत्व गरेको भएता पनि प्यूठान जिल्लाका सबै हिंसा पीडित महिला तथा किशोरी हरुका लागि सेवा दिने गाउँ पालिका अध्यक्ष अमरध्वज रानामगरले बताए । सेवा केन्द्रबाट न्यायमा पहुँच, स्वास्थ्य उपचार सेवा, परामर्श सेवा, आश्रय सहितको सुरक्षा तथा अन्य तत्काल दिनु पर्ने सेवाहरु प्रदान गरिनेछ।

बङ्गुर पालनबाटै ....

क्विन्टल भन्दा बढि मासु बिक्री गरिसकेका छन् । हाल उनको फर्ममा १८ वटा बङ्गुर छन । दिनको ५ घण्टा बङ्गुरको स्याहारमा बिताउँछन उनले । उनले यति मात्र होइन, बंगुरको मल सदुपयोग गर्दै २ वटा टनेल घर बनाएर टमाटर खेती समेत गर्दै आएका छन। २ वटा माछा पोखरी समेत बनाएका छन । मङ्गुर जातको माछा पनि पालेका उनी यि सबै काम यूट्युबमा राखेका भिडियो हेरेर आफै काम सिक्दै आएका हुन् । उनी भन्छन 'जहा इच्छा त्यहाँ उपाय, मान्छेले दुख नगरी सुखको अनुभुति गर्नै सक्दैन ।' उनी थप्छन, 'मेहनत गरेपछि विदेशमा मात्रै हैन नेपालमा पनि केहि गर्न सकिन्छ भन्ने थाहा भयो । केहि छैन भनेर निरास हुनुभन्दा आफु पनि व्यस्त हुने र आफ्नो परिवारलाई पनि व्यस्त बनाउन जान्नु नै सफलता प्राप्ती हो ।' बङ्गुरले वर्षमै ३ पटक पाठापाठी दिने भएकोले यसको व्यवसाय राम्रो रहेको उनले बताए। ड्यूरोक जातको बङ्गुरले पहिलो पटकमा ८ देखि ९ वटा पाठापाटी दिने र दोस्रो पटकबाट ९ देखि १२ वटासम्म पाठापाठी दिने नेपालीले बताए ।उनको परिवारमा उनी, उनकी श्रीमती, एक छोरा र एक छोरी गरी ४ जनाको सदस्य छन । अहिले घर गुजारा र परिवारको आर्थिक स्रोत यहि फर्मबाट चल्दै आएको छ।

कुप्रचार गर्नेलाई.....

बनाएकाहरुलाई जलन भइरहेको थापाको टिप्पणी छ। एमालेमा व्यक्ति प्रधान नभई नीति मुख्य विषय हुने भएकाले सोहि अनुरुप लोकतान्त्रिक प्रक्रियाबाट शान्तिपूर्ण रुपमा निर्वाचन भएको उनको भनाई छ । 'अरु पार्टीले अधिवेशन होइन गोलिवेशन गर्दै आएका छन्', थापाले भने, 'उन्नत प्रकृतिको आन्तरिक प्रतिस्पर्धा तथा सानदार अधिवेशनबाट नयाँ नेतृत्व आएको छ।'

'नेतृत्वको हैसियतले आकांक्षीहरुलाई सर्वसम्मतको लागि प्रयास गर्नुहोस भनेको जरूर हो' थापाले भने, 'टीका लगाइदिएर नेता बनाउने नेतृत्व हामी चाहदैनौं । नेता छान्ने सार्वभौम अधिकार प्रतिनिधिमा हुने भएकाले जसको उन्नत अभ्यास एमालेबाट सिक्न अरु दललाई आग्रह थियो । नवनिर्वाचित पदाधिकारीलाई सपथ ग्रहण कार्यक्रममा नेता थापाले नवनिर्वाचितहरुलाई एकमना, एकतासाथ पार्टीको काममा लाग्न आग्रह गरे। 'अब एमालेलाई ५१ प्रतिशत जनमत सहित स्थापित गर्छौं', इन्चार्ज थापाले भने, 'अब प्यूठानका सबै दल एकातिर र एमालै एक्लै लड्न सक्ने बलियो पार्टी बनाउँछौं ।'

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**मल्लरानी गाउँपालिका**
खलंगा, प्यूठान



## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं। ज्येष्ठ नागरिक, एकल महिला एवम्‌ अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं। वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं। विकास निर्माणका काममा जनसहभागिता जुटाऔं। छोरा र छोरीमा भेदभाव नगरौं। बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं। गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**माण्डवी गाउँपालिका**
जस्पुर, प्यूठान


## पौष महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- हिउँदे आलुलाई उकेरा दिई सिंचाई गर्ने ।
- उच्च पहाडी क्षेत्रमा वर्षे आलु लगाउनको लागि जग्गाको तयारी गर्ने ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- फलफूलको बोटमा औंठी तरिकाले कुलेसो खनी मल तथा मलखाद दिई सिंचाई गर्ने ।
- काउली, बन्दा, रायो, मुला भित्राउने ।
- मौरीपालक कृषकले मौरीलाई चिसोबाट बचाउनको लागि आवश्यक व्यवस्था गर्ने र १ भाग चिनी र १ भाग पानीको मात्रामा चिनी चास्नीको व्यवस्था गर्ने ।
- बेमौषमी काक्रा खेतीको लागि पोलि ब्यागमा बेर्ना जमाउने। काउली खेतीमा बोरनको कमीको लक्षण देखिएमा २ ग्राम बोरन प्रति लिटर पानीमा मिसाई स्प्रे गर्ने ।
- बर्षे आलु लगाउन सुरु गर्ने ।
- खाडल खनी मल मिसाई बिरुवा रोप्न तयार गरी राखेको खाडलमा हिउँदे फलफूल लगाउने । जस्तै : आरु, आरुबखडा, हलुबेद, नास्पाती, स्याउ, ओखर, लप्सी, किवि ।
- माटो परिक्षण शिविर संचालन गर्ने समय भयो ।
- माटो परिक्षणका लागि माटोको नमुना संकलन गर्ने ।
- किवि फलमा काँटछाँट गरी बेभिष्टीनको पेष्ट बनाई काटेको घाउमा लगाउने ।
- प्याजको सेट उत्पादन गर्नको लागि प्याजको दल राख्ने ।

## कोभिड १९ बिरुद्धको खोप अभियान सम्बन्धी सूचना

कोभिड १९ बिरुद्धको खोप अभियान अन्तरगत १८ वर्ष माथिका कोभिड १९ बिरुद्धको खोप लगाउन छुट नागरिकहरुका लागि मिति २०७८ पौष २ देखि भेरोशिल खोपको पहिलो र दोस्रो मात्रा खोप सबै पालिकाको केन्द्र रहेको स्वास्थ्य संस्थाबाट संचालन हुदै आइरहेकोमा हाललाई कोभिड १९ बिरुद्धको ज्यान्सन एण्ड ज्यान्सन खोप प्राप्तीका लागि प्रदेश आपुर्ति केन्द्र संग समन्वय भईरहेकाले मिति २०७८ पौष २० गते देखि वैदेशिक रोजगारमा जाने व्याक्ति र यस अघि कोभिड बिरुद्धको कुनै खोप नलिएका १८ वर्ष माथिका नागरिकलाई ज्यान्सन एण्ड ज्यान्सन खोप पालिकाको १ स्वास्थ्य संस्थाबाट संचालन गरिने भएकाले हाललाई भेरोशिल खोपको पहिलो मात्रा लगाउने कार्य बदन्द गरि भेरोशिल खोपको दोस्रो मात्रा मात्र खोप संचालन गर्नुहुन अनुरोध छ ।

अनुरोधक
**जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान**


तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

# राज डेकोर होम




**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ**



तपाइको घर तथा अफिस अफिसको साथी .......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



**घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

## नेकपा एमाले....

सबै पदमा सर्वसम्मत भएको थियो। पदाधिकारी निर्वाचित ५ जना अध्यक्षः बिजयविराज विष्ट, उपाध्यक्षः झक बहादुर बि.क., सचिव : माधव शर्मा, उप सचिव श्रीधर रोका, दिपा घर्ति बाहेक अन्य खुल्ला, समावेशी र भुगोलबाट निर्वाचित हुने सदस्यहरु निम्न अनुसार छन् ।

**खुल्ला सदस्य**

१) गिरुप्रसाद भण्डारी
२) नेत्रमान गिरी
३) बालाजु श्रेष्ठ
४) सन्देश आचार्य
५) भुवनसिंह पुन मगर
६) रोमप्रसाद बुढाथोकी
७) डिके पोखेल
८) एलबी थापा
९) जुद्ध बहादुर कवर
१०) जाल बहादुर के.सी.

**खुल्ला सदस्य महिला**

११) पवित्रा जि.सी.
१२) धनाकुमारी कार्की
१३) प्रसुजता अधिकारी
१४) मिना सोमै मगर
१५) सीतादेवी कक्षपति

**खुल्ला दलित सदस्य**

१६) राजेन्द्र गौतम
१७) पुर्ब सिंह सुनार

**दलित महिला सदस्य**

१८) कमला नेपाली

युवा खुल्ला सदस्य

१९) सुरज रोका मगर

**अल्पसंख्यक खुल्ला सदस्य**

२०) प्यार अलीखान

भुगोलतर्फ निर्वाचित हुने सदस्यहरु :

**गौमुखी गाउँपालिका** :

२१) लालबहादुर खत्री
२२) टुकबहादुर केसी
२३) रतिमान राना
२४) मानबहादुर थापा मगर
२५) तिलक हमाल
२६) ज्ञानु के.सी.
२७) नर्मदा बुढाथोकी

**झिमरुक गाउँपालिका** :

२८) चन्द्रकुमार क्षेत्री महतरा
२९) मेघबहादुर नेपाली
३०) दधिराम पोखेल
३१) केशर बहादुर थापा
३२) विरेन्द्र गिरी
३३) चन्द्रा कुमारी रायमाझी
३४) देवा गिरी
३५) शारदा पोखेल

**नौबहिनी गाउँपालिका** :

३६) बलबहादुर केसी
३७) शेरबहादुर सेन
३८) इश्वर कुमार थापा
३९) डिलबहादुर थापा
४०) विनोद भण्डारी
४१) जुक्मा पुनमगर
४२) ज्ञानी गिरी
४३) प्रतिभा रिजाल

**प्यूठान नगरपालिका** :

४४) प्रमोद खड्का
४५) प्रनिर अधिकारी
४६) नविन कुमार श्रेष्ठ
४७) केदारमान कक्षपती
४८) दिपेन्द्र केसी
४९) लछुमन भण्डारी
५०) भगवति खड्का
५१) पार्वता आचार्य
५२) नारायणी पौडेल
५३) कल्पना गिरी

**मल्लरानी गाउँपालिका** :

५४) पशुपती नारायण नकर्मी
५५) रामचन्द्र केसी
५६) भिमबहादुर थापा
५७) गरिमा पौडेल
५८) राधिका खड्का

**ऐरावती गाउँपालिका** :

५९) भुपेन्द्र आले
६०) पदम बहादुर जि.सी.
६१) राम बहादुर थापा
६२) यस थापा
६३) सन्तोषी थापा
६४) बसन्ता भुषाल आचार्य

**माण्डवी गाउँपालिका**

६५) दुर्गाप्रसाद आचार्य
६६) तुल बहादुर थापा मगर
६७) हेमराज वली
६८) शारदा पौडेल
६९) सम्झना घर्ति

**स्वर्गद्वारी नगरपालिका**

७०) भिम बहादुर खड्का
७१) शिव कुमार श्रेष्ठ
७२) नृपेन्द्र रोकाय
७३) कुल बहादुर पुन मगर
७४) नर बहादुर बि.एम.
७५) हिरामणी भण्डारी
७६) शिवा रेग्मी
७७) मोधिदेवी कालाथोकी
७८) गोरी बरापाते

**सरुमारानी गाउँपालिका**

७९) शान्तराज आचार्य
८०) सन्तोष कुमार बि.क.
८१) थम्मन साठीघरे
८२) टंक बहादुर जि.सी.
८३) शान्ता विष्ट
८४) बुध कुमार सोमै

**मनोनित सदस्य**

८५) सिताराम थापा
८६) लिलामणी थापा
८७) राम बहादुर राना

**पदेन सदस्य**

८८) जुमानसिंह जि.सी., गौमुखी गा.पा.
८९) इन्द्रमणि पोखेल, झिमरुक गा.पा.
९०) विष्णु के.सी., नौबहिनी गा.पा.
९१) टंक बहादुर खड्का, प्यूठान न.पा.
९२) शुनिल शाही, मल्लरानी गा.पा.
९३) याम बहादुर घिमिरे, माण्डवी गा.पा.
९४) श्याम थापा, ऐरावती गा.पा.
९५) बसन्त जि.सी., सरुमारानी गा.पा.
९६) रामप्रसाद श्रेष्ठ, स्वर्गद्वारी न.पा.


**गाउँपालिकावासिलाई अनुरोध**

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवाङ प्यूठान


## प्रदेश चिनारी विशेष उत्पादन उद्यमलाई सहयोग (प्याकेज) सम्बन्धी प्रस्ताव आव्हानको सुचना

प्रकाशित मिती: २०७८/०९/१६

यस कार्यालयको आ व..२०७८/७९ को स्वीकृत वर्षिक कार्यक्रम अनुसार जिल्लाको सम्भाव्यता तथा विशिष्टताको आधारमा वस्तुहरुको पहिचान गरी स्तरोन्नति आवश्यक रहेका उद्योग तथा उद्यमीहरुलाई प्याकेजमा अनुदान उपलब्ध गराई उद्योग व्यसायिहरुको व्यसायिक विकासमा सहयोग गर्दै स्थानीय स्तरमा नै रोजगारीको सृजना मार्फत गरिबी निवारणमा टेवा पुर्याउने उद्देश्यले प्रदेश चिनारी विशेष उत्पादन उद्यमलाई सहयोग (प्याकेज) अन्तरगत देहायको कार्यक्रम सञ्चालन गरिने भएकोले तपसिलका योग्यता पुगेका ईच्छुक उद्यमीहरुले यो सुचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र यस कार्यालयमा आवेदन/प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**प्याकेजका कार्यक्रमहरुः**

१ अल्लो उत्पादन उद्यम ।
२ खकुरी र परम्परागत कृषि औजार कार्यक्रम सञ्चालन विधि ।
१ उद्यमशीलता विकास तालिम वा औद्योगिक सिचेतना कार्यक्रम ।
२ प्रविधि सहयोग वा संरचना निर्माण वा सिप विकास तालिम वा उद्योग सञ्चालन स्थल घरभाडा ।
३ उद्योगहरुको स्थलगत अवलोकन भ्रमण ।

**आवश्यक कागजात एवम् योग्यताः**

- उद्यमीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- उद्योग दताा/नविकरण प्रमाणपत्रको प्रतिलिपि । (सञ्चालित उद्योगका लागि)
- स्थायी लेखा नम्बर दर्ता र आ.व. २०७७/०७८ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- उद्योगको व्यवसायिक योजना ।
- अनुभव तथा तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।
- तालिममा कामदार सहभागी गराउने भए उद्योगको सिर्फारिस पत्र।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट तोकिएको अवधिभित्र कुनै प्रकारको सहसलियत सुविधा वा अनुदान नलिएको सोघोषणा पत्र ।

**शर्तहरु**

- कार्यालयमा पेश हुने आवेदन/प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट लुम्बिनी प्रदेश, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम हुनुपर्नेछ ।

बिस्तृत जानकारीको लागि घरेलु तथा साना उद्योगको कार्यालय खलंगा प्यूठानको टेलिफोन नम्बर ०८६-४२००७७ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिनेछ ।


## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला ।

व्यवस्थापक :कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।







## जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मिहरुसँग परामर्श लिऔं।
- न्यानो कपडा लगाऔं ।
- घाम वा आगो तापौं ।
- तेल मसाज गरौं ।
- शारीरिक व्यायाम गरौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

JHULENI
United Network Pvt.Ltd.
झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
www.jhulenipost.com
एकै क्लिकमा सत्य, तथ्य र निष्पक्ष खबरका लागि पढ्न र हेर्न सक्नुहुनेछ ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान